आज मिति २०८० साल मंसिर ०८ गते पिपरा गाँउपालिकाको अध्यक्ष श्री रामजानकी यादव ज्युको अध्यक्षतामा कार्यपालिका वैठक बसी निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपशिलमा उल्लेखित प्रस्तावहरु माथि निर्णय गर्न छलफल गरियो ।

उपस्थिति

| क.स. | पद | नम पर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री रामजानकी यादव | |
| २ | उपाध्यक्ष | श्री वन्दना पाण्डेय | |
| ३ | वडा अध्यक्ष (१) | श्री राजेश कुमार दास | |
| ४ | वडा अध्यक्ष (२) | श्री संजित कुमार यादव | |
| ५ | वडा अध्यक्ष (३) | श्री किशोरी अधिकारी | किशोरी |
| ६ | वडा अध्यक्ष (४) | श्री विदेही पासवान | |
| ७ | वडा अध्यक्ष (५) | श्री हरिशंकर प्रसाद यादव | |
| ८ | वडा अध्यक्ष (६) | श्री अरुण पुर्वे | |
| ९ | वडा अध्यक्ष (७) | श्री मधुवेन्द्र झा | |
| १० | कार्यपालिका सदस्य | श्री रिता देवी | रिता देवी |
| ११ | कार्यपालिका सदस्य | श्री रामसखी देवी | |
| १२ | कार्यपालिका सदस्य | श्री लिलम देवी | लिलम |
| १३ | कार्यपालिका सदस्य | श्री शोभा देवी | शोभा देवी |
| १४ | कार्यपालिका सदस्य | श्री धिरेन्द्र महतो | धिरेन्द्र |
| १५ | कार्यपालिका सदस्य | श्री राजकिशोर भण्डारी | राजकिशोर भण्डारी |
| १६ | प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य सचिव | श्री मनिष झा | |

कर्मचारी

१ श्री राजिब कुमार झा सूचना प्रबिधि अधिकृत

Scanned with CamScanner

प्रस्तावहरु :

१ पिपरा जनता अस्पताल संचालन कार्यविधि सम्बन्धमा ।

२ बाल विबाह मुक्त क्षेत्र घोषणा कार्यविधि २०८० सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताब नं १ माथि छलफल गर्दा नेपाल सरकार स्वास्थ्य तथा जन्शंख्य मन्त्रालयले प्रस्तावित गरेको १५ शैयाको आधारभूत अस्पतालको प्रस्तावित दरबन्दी तेरिज बमोजिम दरवन्दी हुने गरि यस गाउँपालिकाको वडा नं ४ मा अवस्थित पिपरा जनता अस्पताललाई १५ शैयाको आधारभूत अस्पताल मानि सोको संचालन गर्न पिपरा जनता अस्पताल संचालन कार्यविधि पारित गर्ने र नेपाल सरकारवाट १५ शैयाको आधारभूत अस्पताल संचालनका लागि आवस्यक खर्च संघीय ससर्त अनुदान बाट प्राप्त स्वीकृत नहुन्जेल सम्म अस्पतालको खर्च व्यस्थापन आ.ब. २०८०/८१ को गाउँ सभा बाट स्वीकृत भए बमोजिमको बजेट बाट संचालन गर्ने निर्णय गरियो ।

२ प्रस्ताव नं. २ माथि छलफल गर्दा बाल बिबाह मुक्त क्षेत्र घोषणा कार्यविधि २०८० को मस्यौदा समिति बाट कार्यपालिकामा पेश हुन आएका बाल बिबाह मुक्त क्षेत्र घोषणा कार्यविधि २०८० पास गर्ने निर्णय गरियो ।

Scanned with CamScanner